# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल:info@ pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np


पत्र संख्या: ०८०/८१
च.नं.

मिति २०८०/९/१७

## आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति गर्ने सम्बन्धी संशोधित सूचना

(संशोधित मिति २०८०/९/१७)

सम्मानित उच्च अदालत पोखराको २०७३/१२/३० को आदेश बमोजिम स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६९ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क (१) मा उल्लेख भए बमोजिम तथा पोखरा महानगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८० अनुसार पोखरा महानगरपालिकाको स्वीकृत दरबन्दी/तत्कालीन समयमा २०६४ असोज मसान्त अगाडि विभिन्न पद/तहमा अस्थायी/करार/सेवा करारमा नियुक्त भई अबिछिन्नरुपमा कार्यरत कर्मचारीहरुलाई मिति २०८०/८/१९ गतेको २४ औं नगर कार्यपालिका बैठकबाट स्थायी पदपूर्तिको प्रकृया अगाडि बढाउन भएको निर्णयानुसार देहाय बमोजिमको पदमा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले पदपूर्ति समितिको मिति २०८०/९/१७ मा बसेको बैठकको निर्णयानुसार देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट- आवेदन पेश गर्न यो संशोधित सूचना प्रकाशन गरिएको छ । न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले पोखरा महानगरपालिकाको वेबसाईट **www.pokharamun.gov.np** बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजात सहित पोखरा महानगरपालिकाको प्रशासन महाशाखामा दरखास्त पेश गर्नुपर्नेछ ।

**देहाय :**

| क्र.सं. | विज्ञापन नं. | पद /तह/समूह | पदपूर्तिको प्रकृया | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०७/०८०/८१ | अधिकृतस्तर छैटौं (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | १ | १२००/-(एक हजार दुई सय) | वा सो सरह कार्यरत |
| २. | ०८/०८०/८१ | ईन्जिनियर छैटौं (प्राविधिक) | आन्तरिक प्रतिस्पर्धा | १ | १२००/-(एक हजार दुई सय) | वा सो सरह कार्यरत |
| ३ | ०९/०८०/८१ | सहायकस्तर पाँचौ (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | ५ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ४ | ११/०८०/८१ | जुनियर ईन्जिनियर पाँचौतह प्राविधिक) | आन्तरिक प्रतिस्पर्धा | १ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ५ | १२/०८०/८१ | सहायकस्तर चौथो (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | २९ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ६ | १३/०८०/८१ | सहायकस्तर चौथो तह न.प्र.स.ना.नि. | आन्तरिक प्रतिस्पर्धा | १ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ७ | १४/०८०/८१ | नगर प्रहरी/ फा.मे.सी./का.स.मार्ल/भान्छे,कुचिकार/ चौकीदार/ लाठे/ सवारीचालक/ हेल्पर/ज्यामी समेत | आन्तरिक प्रतिस्पर्धा **(आन्तरवार्ताबाट छनोट गरिनेछ)** | ६९ | ५००/- (पाँच सय) | श्रेणी बिहीन वा सो सरह कार्यरत |
| ८ | १५/०८०/८१ | सहायकस्तर चौथो (स्वास्थ्य) | आन्तरिक प्रतिस्पर्धा | ३ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ९ | १६/०८०/८१ | सहायकस्तर चौथो (खा.पा.स.टे.) | आन्तरिक प्रतिस्पर्धा | ३ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल:info@ pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np

पत्र संख्या: ०८०/८१
च.नं.

मिति २०८०/९/१७

१. **न्यूनतम शैक्षिक योग्यता** : लोकसेवा आयोगद्वारा सम्बन्धित पद/तह समूहका लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको ।

२. तत्कालीन समयमा विभिन्न पद/तहमा नियुक्त भई हालसम्म अबिछिन्न रुपमा कार्यरत रहेका तर स्वीकृत दरबन्दी/पद/तह/समूहसँग मेल नखाने कर्मचारीहरुको हकमा निजहरुले गरिरहेको काम/ खाईपाई आएको तलब भत्ता, पछिल्लो पटक गरिएको करार सम्झौता/निजहरुको न्यूनतम शैक्षिक योग्यता समेतका आधारमा हालको स्वीकृत उपयूक्त पदमा प्रतिस्पर्धाका लागि आवदेन लिईनेछ ।

३.नगर प्रहरी/फा.मेसी./का.स./माली/भान्छे/कुचिकार/चौकीदार/सवारीचालक/लाठे/हेल्पर/ज्यामी जस्ता श्रेणी बिहिन पदका कर्मचारीहरुको आवेदन संकलन पश्चात अन्तरवार्ताद्वारा छनौटका लागि सिफारिस गरिनेछ ।

४. परीक्षाको किसिम : (क) लिखित र अन्तर्वार्ता ।

५ दरखास्त बुझाउने अन्तिम मिति : २०८०/९/२९ गते कार्यालय समयभित्र । (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)

६ . सम्पर्क मिति : २०८०/१०/२ गते (मंगलबार) कार्यालय समयभित्र ।

७. लिखित परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ ।

८.दरखास्त दस्तुर पोखरा महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. ३०२०१००३०१०१०००२ मा जम्मा भएको भौचर, दरखास्त फारमका साथ संलग्न राख्नु पर्नेछ ।

९ आवश्यक कागजात : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु कागजातहरु: (**क**) नेपाली नागरिकताको प्रतिलिपि (**ख**) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (**ग**) अनुभवको प्रमाण पत्र । (**घ**) सम्बन्धित उम्मेदवारले आवेदन पेश गरेको पदका लागि योग्य छु भन्ने सो घोषणा पत्र । (ङ) पासपोर्ट साईजको फोटो ३ प्रति ।

१०. रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । रित नपुगेको दरखास्त जुन सुकै समयमा पनि रद्द गरिनेछ ।

<u>विस्तृत जानकारीको लागि सम्पर्क : ०६१-५७११०४, ९८५६००३०४५</u>

...............................
सदस्य सचिव
पदपूर्ति समिति